# मिडिया एलाईन्स नेपाल, नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ र नेपाल विज्ञापन संघ (आन) को संयुक्त वक्तव्य

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ६ अनुसार नेपालमा डाउनलिंक अनुमति लिएका विदेशी टेलिभिजनहरु विज्ञापनरहित हुनुपर्ने प्रावधान कार्तिक ८ गतेबाट कार्यान्वयनमा आएकोमा हामी स्वागत गर्दछौ । राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृतिको जगेर्नाका साथै एक सार्वभौमसत्ता सम्पन्न मुलुकका लागि यो ऐन एक कोशेढुङ्गा हुने विश्वास हामीले लिएका छौ ।

ऐनको भावना र मर्मअनुसार उक्त ऐन पूर्ण कार्यान्वयनका लागि गठन हुनुपर्ने विज्ञापन बोर्डको गठनमा भएको ढिलाईप्रति सरकारको गम्भीर ध्यानाकर्षण गर्दै ऐन कार्यान्वयनमा आएको एक बर्ष बितिसक्दा पनि बोर्ड गठन गर्न गरिएको ढिलाई र त्यसले पारेको गम्भीर प्रभावलाई विचार गरी तत्काल बोर्ड गठन गर्न माग गर्दछौ । साथै हाल गठन गरिएको भनिएको बोर्डले दीर्घकालीन प्रभाव पार्ने काम गर्न नसक्ने भएकाले बोर्डको गठनलाई प्राथमिकता प्रदान गर्न र बोर्डमा व्यवसायीक व्यक्तिहरुको सहभागीता गराउन माग गर्दछौं ।

ऐनको कार्यान्यनका क्रममा नेपाल केवल टेलिभिजन व्यवसायी महासंघलगायतका संघ संस्थाले उठाएका निम्न मागको सम्बोधन गर्नसमेत हामी सरकारसँग जोडदार माग गर्दछौं ।

१) व्यवसायीक व्यक्तिहरुको संलग्नतामा तत्काल विज्ञापन बोर्ड गठन गर्न र विज्ञापनरहित नीतिको प्रभावकारी कार्यान्वयन गर्न ।

२) पत्रपत्रिका, रेडियो टेलिभिजनका अतिरिक्त इन्टरनेट तथा समाजिक संजालमार्फत् भइरहेको विज्ञापन व्यवसायलाई समेत नियमन गर्न ।

३) अवैध रुपमा नेपालमा प्रशारण गरिरहेका विदेशी DTH लाई तत्काल नियन्त्रण गर्न ।

४) विभिन्न माध्यम खासगरी मोवाईल एप्स, OTT, Vedio On Demand (VOD) तथा IPTV मार्फत डाउनलिंक अनुमति नलिएका टेलिभिजन विज्ञापनसहित प्रशारण भइरहेकाले त्यसलाई तत्काल नियन्त्रण गर्न र विज्ञापनरहित बनाउन ।

५) OTT, Vedio On Demand (VOD) तथा IPTV मार्फत भईरहेका गैर कानूनी प्रशारणमा तत्काल प्रतिबन्ध लगाउन ।

भाष्करराज राजकर्णिकार<br>अध्यक्ष<br>मिडिया एलाईन्स नेपाल

ध्रुव शर्मा<br>अध्यक्ष<br>नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ

रवान्द्रकुमार रिजाल (शशी)<br>अध्यक्ष<br>नेपाल विज्ञापन संघ (आन)

मिति: २०७७ /०७/१९ गते बुधवार

नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ<br>बबरमहल, काठमाडौं

मिडिया एलाईन्स नेपाल

Advertising Association of Nepal<br>नेपाल विज्ञापन संघ<br>२०४७